प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

## बागमती प्रदेश

हेटौंडा, मकवानपुर

# उत्पादन तथा रोजगारी सिर्जनाका लागि सहुलियतपूर्ण ब्याजदरमा ऋण लगानी सम्बन्धी सूचना

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाईरस (कोभिड-१९) महामारीबाट सिथिल भएका कृषि, उद्योग, व्यापार व्यवसायसँग सम्बन्धित क्षेत्रहरुमा उत्पादन तथा रोजगारी सिर्जनाका लागि सहुलियतपूर्ण ब्याजदरमा अधिकतम रु. १० (दश) लाखसम्म र समयावधी वढीमा ५ (पाँच) वर्ष सम्मका लागि ऋण उपलब्ध गराउन बागमती प्रदेश सरकारले चालु आर्थिक वर्ष २०७७/७८ को बजेटबाट ३ अर्व रकम ऋण लगानीका लागि घोषणा भए बमोजिम सञ्चालन भएको कार्यक्रम हो । यस कार्यक्रम कृषि, पशुपंक्षी, मत्स्य क्षेत्रको उत्पादन, उत्पादकत्व वृद्धि गर्नुका साथै रोजगारी सिर्जना गर्ने, वन तथा वातावरण र पर्यटन क्षेत्रको वृद्धि गरी रोजगारी प्रवर्द्धन गर्ने, बेरोजगार युवाहरुलाई रोजगारमा आबद्ध गर्ने, फोहरमैला व्यवस्थापन गर्ने, महिला तथा दलित समुदायको उद्यमशीलतालाई प्रवर्द्धन गर्ने उत्पादनशील कार्यक्रमको लागि लगानी प्रवर्द्धन गर्ने, कोरोना भाइरस (कोभिड-१९) बाट प्रभावित [illegible]ो, पर्यटन एवं रोजगारीमूलक घरेलु तथा लघु उद्योग व्यवसायीलाई पुनर्उत्थान गर्ने उद्देश्य बमोजिम संचालन गरिएको छ । बागमती प्रदेश भित्रका सम्पूर्ण नागरिक, कृषक तथा नवप्रवर्तक एव लघु उद्योगी व्यवसायीहरुलाई सहुलियतपूर्ण ऋण लगानी कार्यक्रममा सहभागी हुन अनुरोध गर्दछौं ।

**ऋण प्रवाह हुने क्षेत्रहरु :**

- कृषि व्यवसाय • उद्योग व्यवसाय • पर्यटन प्रवर्द्धन • व्यापार व्यवसाय • वन तथा वातावरण
- महिला तथा दलित समुदाय विकास • फोहरमैला व्यवस्थापन ।

**आवेदन दिने स्थान :**

- बागमती प्रदेश भित्रका कृषि विकास बैंक लिमिटेडका शाखा कार्यालयहरु
- बागमती प्रदेश भित्रका साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड

**ब्याजदर :**

- वार्षिक ३ (तीन) प्रतिशत ब्याजदर भन्दा बढी नहुने ।

## थप जानकारी

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
बागमती प्रदेश, हेटौंडा, मकवानपुर
हेटौंडा, मकवानपुर । फोन नं. ०५७-५२७५१८ / ५२७५२०
Email: moeap@bagamati.gov.np, Website: www.moeap.bagamati.gov.np

**कृषि विकास बैंक**
बागमती प्रदेश, प्रादेशिक कार्यालय, गौशाला, काठमाडौं
फोन नं. ०१४४७६२८२ र वीरेन्द्रनगर, चितवन सम्पर्क फोन नं. ०५६-४१९१३३

**साना किसान लघुवित्त वित्तीय संस्था लिमिटेड**
शाखा कार्यालय हेटौंडा, सम्पर्क फोन नं. ०५७-५२५३८८
शाखा कार्यालय गजुरी फोन नं ०१०-४०२०८० र शाखा कार्यालय बनेपा ०११-६६००९५

गोरखापत्र:- २०७७।१२।११